नेपाल सरकार

# सामान्य प्रशासन मन्त्रालय

(छाप: नेपाल सरकार, सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं)

पत्र संख्याः २०७४ / ७५ चलानी संख्याः ०२

मिति २०७४/०४/२०

विषय: प्रगति विवरण सम्बन्धमा ।

प्रिय सहकारीज्यू,

प्रस्तुत विषयमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७४/०२/१९ गतेको निर्णयबाट जारी भएको "स्थानीय तहमा प्रशासनिक संगठन तथा कर्मचारी व्यवस्थापन सम्बन्धी आदेश, २०७४" अनुसार गठित जिल्ला कर्मचारी व्यवस्थापन समितिबाट बजेट तथा कार्य जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएका जिल्लास्थित विषयगत कार्यालयका कर्मचारीहरुलाई स्थानीय तहमा खटाउने विषयमा हालसम्म सम्पन्न भएका कार्यहरुको प्रगति विवरण ७५ वटै प्रमुख जिल्ला अधिकारीबाट माग गर्ने गरी अधिकारसम्पन्न संघीय प्रशासनिक पुनर्संरचना समितिको मिति २०७४/०४/१८ गतेको बैठकबाट निर्णय भएकाले ३ (तीन) दिन भित्र यस मन्त्रालयमा प्रगति विवरण पठाउने व्यवस्था हुन अनुरोध गर्दछु । साथै उक्त आदेश बमोजिम स्थानीय तहमा कर्मचारी व्यवस्थापन गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्ने गराउने व्यवस्था समेत हुन निर्णयानुसार अनुरोध छ ।

मोहन कृष्ण सापकोटा
सचिव

श्री सचिवज्यू,
गृह मन्त्रालय
सिंहदरवार ।

**बोधार्थ/ सहयोगार्थ**

श्रीमान् मुख्य सचिज्यू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाण्डौं ।
श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाण्डौं ।
श्री महालेखा नियन्त्रकको कार्यालय, अनामनगर, काठमाण्डौं ।
श्री प्रमुख जिल्ला अधिकारी (७५ वटै जिल्ला प्रशासन कार्यालयहरु) : उपरोक्तानुसारको प्रगति पठाउनु हुन ।


सिंहदरबार, काठमाण्डौं, फोन: ४२००३६७, ४२००३६८, ४२००३६९ फ्याक्स: ४२००२३८
इमेल: info@moga.gov.np वेव: www.moga.gov.np..

नेपाल सरकार

# अधिकारसम्पन्न संघीय प्रशासनिक पुनर्संरचना समिति

सिंहदरबार, काठमाडौं

प.सं. ०७४/७५

च.नं.

मिति २०७४/०५/०६

विषय: प्रगति विवरण सम्बन्धमा ।

अत्यन्त जरुरी

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू,
(सबै जिल्ला कर्मचारी व्यवस्थापन समिति)

प्रस्तुत विषयमा नेपाल सरकार (मन्त्रिपरिषद्) मिति २०७४/०२/२९ गतेको निर्णयबाट जारी भएको "स्थानीय तहमा प्रशासनिक संगठन तथा कर्मचारी व्यवस्थापन सम्बन्धी आदेश ,२०७४" अनुसार गठित जिल्ला कर्मचारी व्यवस्थापन समितिबाट बजेट तथा कार्य जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएका जिल्लास्थित विषयगत कार्यालयका कर्मचारीहरुलाई स्थानीय तहमा खटाउने विषयमा विस्तृत विवरण सबै प्रमुख जिल्ला अधिकारीबाट माग गर्ने गरी अधिकारसम्पन्न संघीय प्रशासनिक पुनर्संरचना समितिको मिति २०७४/०५/०६ गतेको बैठकबाट निर्णय भएकोले ३ (तीन) दिन भित्र तपशिलमा उल्लेख भएबमोजिमको ढाँचामा प्रगति विवरण यस समितिमा पठाउने व्यवस्था हुन अनुरोध छ।साथै उपरोक्तानुसारको विवरण सामान्य प्रशासन मन्त्रालयको फ्याक्स नं. ०१४२००२३८ वा इमेल: rajkboh@moga.gov.np मा उपलब्ध गराइदिनुहुन समेत अनुरोध छ ।

तपशिल:

(क) कर्मचारी खटाइएको विवरण:

| क्र. सं. | कर्मचारीको नाम | संकेत नं. | पद श्रेणी | सेवा/समूह | दरवन्दी रहेको निकाय/कार्यालय | खटिएको निकाय/ कार्यालय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

(ख) अपुग रहेको कर्मचारी विवरण:

| क्र. सं. | पद, श्रेणी | सेवा/समूह | रिक्त दरवन्दीको संख्या | रिक्त दरवन्दी रहेको तह/निकाय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

बोधार्थ:
श्री गृह मन्त्रालय, सिंहदरवार ।
श्री क्षेत्रीय प्रशासन कार्यालय, पुर्वाञ्चल धनकुटा ।
श्री क्षेत्रीय प्रशासन कार्यालय, मध्यमाञ्चल, हेटौडा ।
श्री क्षेत्रीय प्रशासन कार्यालय, पश्चिमाञ्चल, पोखरा ।
श्री क्षेत्रीय प्रशासन कार्यालय, मध्यपश्चिमाञ्चल सुर्खेत ।
श्री क्षेत्रीय प्रशासन कार्यालय, सुदुरपश्चिमाञ्चल, दिपायल ।

राज कुमार बोहरा
(शाखा अधिकृत)